लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
अर्घाखाँची
०७७-४२०१३६
email: csioarghakhanchi@gmail.com
website: csiarghakhanchi.lumbini.gov.n

उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।

दोश्रो पटक प्रकाशित मिति: २०८३/०८/०१

यस कार्यालयको आ. व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरणमा योगदान पुऱ्याएका उद्यमीलाई प्रोत्साहन गर्ने, देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने उद्यमीहरुलाई उत्कृष्ट उद्यमी छनौट गर्ने सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को परिच्छेद - ६ को दफा ३० बमोजिम उत्कृष्ट उद्यमी सम्मान गर्ने कार्यक्रम रहेको हुँदा यस जिल्लामा उद्यम गरिरहेका तपशिल बमोजिमका योग्यता पुगेका उद्यमीहरुले यस कार्यालयमा उपस्थित भई वा कार्यालयको ईमेल ठेगाना csioarghakhanchi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल:

सि. नं.	कार्यक्रमको नाम
१.	उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम

सम्मान तथा पुरस्कार प्राप्त गर्ने योग्यता:-

उद्यमीले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ।

- प्रदेशमा स्थायी बसोबास भई अर्घाखाँची जिल्लाभित्र उद्यम गरिरहेको नेपाली नागरिक।
- उद्यमी स्वयम आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको।
- विगत दुई वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको।
- नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको।
- यस कार्यालयबाट पछिल्लो तीन वर्षमा उद्यमीको पुरस्कार तथा सम्मान प्राप्त नगरेको।
- बैंकिङ र फौजदारी कसुरमा नपरेको साथै सरकारलाई तिर्न बुझाउन कुनै बाँकी नरहेको स्वघोषणा ।

पेश गर्नु पर्ने कागजातहरु:-

उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

- नागरिकता प्रमाणपत्रको छायाँकपी।
- उद्योग दर्ता/ नवीकरण प्रमाणपत्रको छायाँकपी।
- पछिल्लो आ. व. को करचुक्ता प्रमाणपत्रको छायाँकपी।
- PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी।
- लक्षित वर्ग समूह खुल्ने निस्सा।
- पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणा।
- सम्बन्धित स्थानीय तहको सिफारिस।

पुनश्च:

प्रस्तावको ढाँचा कार्यालयको website:https://csiarghakhanchi.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

- थप जानकारी यस कार्यालयको टेलिफोन नं. ०७७-४२०१३६, ९८४७१०९६१८ मा सम्पर्क प्राप्त गर्न सकिनेछ ।

२०८३।०८।०१

दुर्गा न्यौपाने
उद्योग अधिकृत